**Kaladarpan | Volume : 5 | No.: 1 | 2025, January, Pages 64-73**

DOI : https://doi.org/10.3126/kaladarpan.v5i1.74735

# प्रह्लाद नाटकमा मृत्यु चिन्तन

लेखराज खतिवडा
lekharajk@gmail.com

**सार**

प्रस्तुत लेखमा नाटककार बालकृष्ण समले लेखेको प्रह्लाद नाटकमा व्यक्त भएको मृत्यु चिन्तनको खोजी गरिएको छ । समले विष्णुपुराणमा पाइने हिरण्यकशिपु र उसको छोरो प्रह्लादसँग सम्बन्धित घटनालाई नाटकीकरण गरी प्रस्तुत नाटक लेखेका हुन् । छोरो प्रह्लाद आफ्नो विरोधी देखिएको र उसले आफ्नो परमशत्रु भगवान् विष्णुको भक्ति गरेपछि हिरण्यकशिपु छोराप्रति ज्यादै क्रोधित भएको र उसले आफ्नै छोरो प्रह्लादलाई मार्न खोजे पनि ऊ विष्णुका कृपाले बाँचेको तर अन्त्यमा हिरण्यकशिपु आफैले मृत्युवरण गर्न पुगेको घटनामा पुगी टुङ्गिएको प्रस्तुत नाटकमा मृत्यु चिन्तन व्यक्त भएको पाइन्छ । यस संसारमा जन्मेजति सबै प्राणीको एक दिन अवश्यै मृत्यु हुन्छ भन्ने मान्यता रहेको छ र प्राणीको मृत्युसम्बन्धी प्रचलित यही मान्यता नै मृत्यु चिन्तन हो । प्रस्तुत नाटकमा मुख्यतः यसका प्रमुख दुई पात्र प्रह्लाद र हिरण्यकशिपुका विचार एवम् कार्यव्यापारमार्फत मृत्युसम्बन्धी धारणा व्यक्त गरिएको छ । त्यस सिलसिलामा प्रस्तुत नाटकमा सबै प्राणीको मृत्यु अवश्यम्भावी छ, मृत्यु नै भयको कारण हो अनि मृत्यु नै मोक्षको मार्ग हो भन्ने मृत्यु चिन्तन प्रह्लाद र हिरण्यकशिपुमार्फत व्यक्त गरिएको छ । त्यसैले प्रस्तुत लेखमा समले लेखेको प्रह्लाद नाटक मृत्यु चिन्तनको अभिव्यक्तिका दृष्टिले निकै सफल देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी** : आत्मा, मोक्ष, मृत्यु, युद्ध, शरीर, हत्या ।

**विषयपरिचय**

प्रस्तुत अनुसन्धानकार्य नेपाली साहित्यका नाट्य सम्राट् बालकृष्ण सम (वि.सं.१९५९-२०३८) ले लेखेको 'प्रह्लाद' नाटकमा अभिव्यक्त मृत्य चिन्तनको विश्लेषणमा केन्द्रित छ । नेपाली साहित्यका कविता, कथा, नाटक र निबन्ध जस्ता विधा-उपविधाको रचनामा क्रियाशील रहेका समको योगदानको मुख्य क्षेत्र चाहिँ नाटक विधा हो । नाटकअन्तर्गत पनि उनले एकाङ्की र पूर्णाङ्की नाटकको रचना गरेका छन् । वि.सं. १९८६ मा 'मुटुको व्यथा' शीर्षकको पूर्णाङ्की नाटक प्रकाशित गरेर नेपाली नाटकपरम्परामा देखा परेका समले १९९५ सालमा 'प्रह्लाद' नाटक प्रकाशित गरेका हुन् । पुराणमा फेला पर्ने हिरण्यकशिपु र उसका छोरो प्रह्लादसँग सम्बन्धित घटनालाई नाटकीकरण गरेर उनले 'प्रह्लाद' नाटक लेखेका हुन् । पाँचदेखि दश अङ्कसम्म हुने, प्रख्यात धीरोदात्त, दिव्य वा आदित्य नायक हुने, पञ्चसन्धियुक्तले युक्त र वीर आदि रसको समावेश भएको रूपकको एक भेद नै नाटक हो र यस्तै प्रकारको नाट्य कृतिका रूपमा 'प्रह्लाद' देखा पर्छ । पुराणमा वर्णित हिरण्यकशिपु र प्रह्लादसँग सम्बन्धित प्रसिद्ध आख्यानलाई पाँच अङ्क र विभिन्न दृश्यमा विभाजन गरिएको, पञ्चसन्धिका साथै अन्य नाट्य तत्त्वहरूको समुचित बुनोट गरी लेखिएकाले समको 'प्रह्लाद' पूर्णाङ्की नाटक हो । प्रस्तुत

नाटकलाई विभिन्न सिद्धान्त एवम् मान्यता/चिन्तनका आधारमा विश्लेषण गर्न सकिन्छ । यस नाटकलाई विश्लेषण गर्न सकिने एउटा महत्त्वपूर्ण मान्यता मृत्यु चिन्तन पनि हो । यस धरतीमा जे जति प्राणीको जन्म हुन्छ एक दिन ती सबैको मृत्यु हुन्छ भन्ने मान्यता स्थापित छ । त्यसैले जन्मने मानिसको एक दिन मृत्यु हुन्छ भन्ने चिन्तन पूर्वीय र पाश्चात्य दर्शनका क्षेत्रमा निकै प्रचलित छ । मृत्युसम्बन्धी पूर्व र पश्चिममा फेला पर्ने मृत्यु चिन्तनका आधारमा समले लेखेको 'प्रह्लाद' नाटकको अध्ययन एवम् विश्लेषण गर्नु एउटा महत्त्वपूर्ण प्राज्ञिक कार्य हुने देखिन्छ । 'प्रह्लाद' नाटकसम्बन्धी भएका पूर्वाध्ययनहरूलाई हेर्दा मृत्यु चिन्तनका आधारबाट यसको अध्ययन भएको नदेखिएकाले पनि यो लेख एउटा नूतन प्राज्ञिक कार्य हुने देखिन्छ । त्यसैले प्रस्तुत लेख 'प्रह्लाद' नाटकमा व्यक्त भएको मृत्यु चिन्तनको विश्लेषणमा केन्द्रित छ ।

## अध्ययनविधि

बालकृष्ण समले लेखेको 'प्रह्लाद' नाटकमा व्यक्त भएको मृत्यु चिन्तनबारे अध्ययन एवम् विश्लेषण गरिएको प्रस्तुत लेखलाई अनुसन्धानमूलक बनाउनका लागि आवश्यक तथ्य एवम् सामग्रीको खोजी गरी तिनको विश्लेषणको उपयुक्त विधिसमेत अवलम्बन गरिएको छ ।

प्रस्तुत अध्ययनकार्यका लागि आवश्यक पर्ने सामग्रीहरू आवश्यकतानुसार सङ्कलन गरिएको छ र ती सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । बालकृष्ण समले लेखेको 'प्रह्लाद' नाटक यस अनुसन्धानकार्यका लागि प्राथमिक सामग्री हो भने 'प्रह्लाद' नाटकबारे भएका पूर्वाध्ययनहरूका साथै मृत्यु चिन्तनसम्बन्धी लेखिएका लेख तथा ग्रन्थहरू यस अनुसन्धानकार्यका द्वितीयक सामग्री हुन् । यी प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

प्रस्तुत अध्ययनकार्यमा सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि मूलतः निगमनात्मक विधिको प्रयोग गरिएको छ । मानिसको जन्मपछि एक दिन अवश्यै मृत्यु पनि हुन्छ भन्ने मृत्युसम्बन्धी स्थापित मान्यतालाई अङ्गीकार गरिएकाले प्रस्तुत अध्ययनकार्यलाई पूरा गर्नका लागि अवलम्बन गरिएको मुख्य विधि निगमनात्मक नै हो । त्यसै गरी यस अध्ययनकार्यमा मृत्यु चिन्तनका आधारमा समले लेखेको 'प्रह्लाद' नाटकको व्याख्या एवम् विवेचना गरिएको छ तसर्थ यसमा व्याख्यात्मक एवम् विवेचनात्मक विधिसमेत अङ्गीकार गरिएको छ । खास गरी 'प्रह्लाद' नाटकमा व्यक्त भएको मृत्युसम्बन्धी विषयको विश्लेषण गरिएकाले यसमा अँगालिएको विधि विषयात्मक प्रकृतिको छ ।

## मृत्युसम्बन्धी सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययनकार्यमा सङ्कलित सामग्रीलाई विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि अँगालिएको मुख्य सैद्धान्तिक आधार मृत्यु चिन्तन हो । सामान्य भाषामा भन्नुपर्दा जीवात्मा वा प्राणीको जीवनको अन्त्यलाई नै मृत्यु भनिन्छ । जसको जन्म हुन्छ एक दिन उसको अवश्यै मृत्यु पनि हुन्छ भन्ने मान्यता सार्वभौम सत्यका रूपमा स्थापित छ । जन्मसँगै मृत्यु गाँसिएर आउने गर्दछ अर्थात् जसको थालनी (जन्म) हुन्छ त्यसको अन्त्य (मृत्यु) पनि भएरै छाड्छ । जीवनमा सबै कुरा झुटो हुन सक्छन् तर मृत्यु कहिल्यै झुटो हुँदैन । मृत्युका अनेक कारण हुन सक्छन् तथापि बुढ्यौली, रोग, दुर्घटना, आकस्मिक आघात, शोक, चिन्ता र लोभ मृत्युका प्रमुख कारण मानिएका छन् (https://hi.wikipedia.org/wiki) । जुनसुकै कारण होस् एक दिन प्राणीहरूको मृत्यु भएरै छाड्छ । कहिल्यै कसैप्रति पनि भेद नगर्ने भनेको मृत्यु नै हो तसर्थ

यस संसारमा जन्मने मानिसलगायतका सबै प्राणीहरूको एक दिन मृत्यु हुन्छ भन्ने धारणा नै मृत्यु चिन्तन हो ।

'श्रीमद्भगवत्गीता' मा भगवान् श्रीकृष्णले महाभारतको युद्धका समयमा आफन्तहरूसँगै युद्ध गर्नुपर्ने परिस्थिति आइलाग्दा अर्जुनले युद्ध नगर्ने कुरा बताएपछि उनलाई सम्झाउने क्रममा मृत्युसम्बन्धी धारणा पनि प्रस्तुत गरेका छन् । शरीर मरणशील छ तर आत्मा अमर छ भन्ने कुरा 'गीता' मा श्रीकृष्णले बताएका छन् । जसरी मानिसले पुराना वस्त्रहरू त्यागेर नयाँ वस्त्र धारण गर्दछ त्यसै गरी आत्माले पनि पुराना र काम नलाग्ने शरीरलाई त्यागेर नयाँ भौतिक शरीर धारण गर्दछ भनी कृष्णले 'गीता' मा भनेका छन् (दास, सन् २०१४, पृ.९१) । यसरी शरीर आत्माको केवल वासस्थान मात्र हो त्यसैले शरीर काम नलाग्ने भएपछि यसलाई आत्माले त्यागिदिने क्रममा नै शरीर मरेर जान्छ भन्ने आशय कृष्णको यस भनाइमा व्यक्त भएको पाइन्छ । आत्माले त्यागेकाले शरीर मर्ने हुँदा यसका लागि शोक गर्नु व्यर्थ छ भन्ने कृष्णको भनाइबाट पनि शरीर एक दिन अवश्यै मरेर जान्छ भन्ने कुरा प्रस्ट हुन्छ । 'गीता' मै एक ठाउँमा कृष्णले यसो भनेका छन् - जन्मनुभन्दा अगाडि सबै जीवहरू अव्यक्त अवस्थामा हुन्छन्, जन्मेर नमरून्जेल मध्य अवस्थामा तिनीहरू व्यक्त हुन्छ र मरेपछि फेरि अव्यक्त नै हुन्छन्, अतः यसमा शोक गर्नुपर्ने के आवश्यकता छ ? (दास, सन् २०१४, पृ ९७) कृष्णको यस भनाइबाट पनि जन्मने सबै जीवहरूको एक दिन अवश्यै मृत्यु हुन्छ भन्ने कुरा प्रस्ट हुन्छ । यसरी 'गीता' मा भगवान् श्रीकृष्णले व्यक्त गरेका भनाइमा सबै प्राणीजस्तै मानिसको पनि एक दिन मृत्यु हुन्छ भन्ने चिन्तन मुखरित भएको पाइन्छ ।

'ऋग्वेद' मा मृत्युबारेको चिन्तन फेला पर्छ । यसमा मानिसले आफ्नो जीवनलाई सार्थक तुल्याउन र दीर्घजीवी बन्नका लागि मृत्युको जाललाई भेदन गर्नुपर्दछ भनिएको छ । 'ऋग्वेद' मा यसो भनिएको छ - मृत्युको जाललाई भेदन गर्दै अगाडि बढ्नुपर्दछ र दीर्घायु प्राप्त गर्नुपर्दछ (लुइटेल र दाहाल, २०७९, पृ१४३) । जीवनमा एक दिन आएरै छाड्ने मृत्युलाई बिर्सँदै कर्ममा लाग्नुपर्दछ र जीवनलाई सार्थक तुल्याउनुपर्दछ भन्ने धारणा 'ऋग्वेद' मा व्यक्त गरिएको छ । यसरी मानिस एक दिन अवश्यै मर्छ भन्ने चिन्तन 'ऋग्वेद' मा व्यक्त भएको पाइन्छ ।

'कठोपनिषद्' मा आत्मा र शरीरबारे चर्चा गर्दै आत्मालाई अमर मानिएको छ भने आत्माले निवास गर्ने शरीरलाई मरणशील ठानिएको छ । यसमा यसो भनिएको छ- शस्त्रादिद्वारा शरीर मर्दा पनि आत्मा मर्दैन (२०८०, पृ.२४८) । यसरी अजन्मा, नित्य, शाश्वत र क्षयरहित आत्माका तुलनामा शरीर जन्मा, अनित्य, नाशवान् र क्षणभङ्गुर हुन्छ भनी 'कठोपनिषद्' मा भनिएको छ ।

'मुण्डकोपनिषद्' मा शरीरलाई पीपलको वृक्षका रूपमा वर्णन गरिएको छ भने परमात्मालाई पक्षीका रूपमा वर्णन गरिएको छ । यसमा मानव शरीरलाई एउटा वृक्ष मानिएको छ । ईश्वर र जीव लाई सधैँ सँगै रहने दुई मित्रका रूपमा चित्रण गरिएको छ (पोद्दार, गोस्वामी र शास्त्री, २०८१, २८६) । यी दुवै शरीररूपी वृक्षमा एक साथी एउटै हृदयरूपी गुँडमा बसेका हुन्छन् । यीमध्ये जीव चाहिँ वृक्षको फलजस्तै आफ्नो कर्मफल वा प्रारब्धअनुसार प्राप्त सुखदुःख भोग्दछ भने ईश्वर चाहिँ त्यस्तो केही पनि भोग्दैन, ऊ त आफ्नो साथी जीवको हरेक प्रकारका

भोगाइलाई हेरिरहन्छ मात्र । यसरी 'मुण्डकोपनिषद्' मा ईश्वरकै मित्रका रूपमा रहेको जीवलाई भने नाशवान् मानिएको छ ।

'श्वेताश्वतरोपनिषद्' मा पनि 'मुण्डकोपनिषद्' मा जस्तै जीव र ईश्वरलाई एउटै वृक्षमा रहने मित्रका रूपमा व्याख्या गरिएको छ । यसमा भनिएको छ- एउटै नामधारी सुपर्णका रूपमा रहेका जीव र ईश्वर एउटै वृक्षमा मिलेर बस्ने त्यस्ता मित्र हुन् जसमध्ये एउटाले रूखको स्वादिष्ट फलको भोग गर्दछ भने अर्काले चाहिँ साथीले फल खाएको हेरिरहन्छ (२०८०, पृ.२४८) । यसरी 'श्वेताश्वतरोपनिषद्' मा पनि जीव र ईश्वरलाई एउटा वृक्षमा रहने मित्रका रूपमा चित्रण गर्दै जीव भने मरणशील भन्ने आशय व्यक्त गरिएको छ ।

पूर्वीय दर्शनमा जन्म, मृत्यु, वृद्धावस्था, रोग-व्याधि जस्ता यी सबै धर्म आत्माका नभएर शरीरका मात्र हुन् भन्ने विचार व्यक्त भएको पाइन्छ (शर्मा, २०७०, पृ.१३७) । यस उद्गारबाट पनि शरीर मरणशील छ भन्ने कुरा प्रस्ट हुन्छ । यस संसारमा बनेका जति चीज छन् ती सबै नष्ट भए झैँ पञ्चतत्त्वबाट बनेको मानव शरीर पनि एक दिन अवश्यै मर्ने छ भन्ने धारणा पूर्वीय दर्शनमा व्यक्त भएको पाइन्छ ।

पूर्वीय दर्शनका साथै पाश्चात्य दर्शनका क्षेत्रमा पनि मृत्युबारे गहन चिन्तन गरिएको पाइन्छ । जर्मन दार्शनिक मार्टिन हाइडेगरले मृत्युलाई जीवनको एउटा अनिवार्य आवश्यक कुराका रूपमा लिएका छन् (बेक, सन् १९४४, पृ. १२६-१३७) । यसरी उनले मानव जीवनमा मृत्युको अपरिहार्यतालाई स्वीकार गरेका छन् । जीवनमा आइपर्ने मृत्युको अवश्यम्भाविताले नै मानिसलाई बाँचेका क्षणहरूको मूल्यको बोध हुन्छ भन्ने धारणा हाइडेगरको रहेको छ (पाण्डे, २०६२, पृ.७३) । यसरी मानव जीवनमा मृत्यु अवश्यम्भावी छ भन्ने धारणा हाइडेगरले व्यक्त गरेका छन् ।

प्रमुख अस्तित्ववादी चिन्तक ज्याँ पाल सार्त्रले पनि मृत्युका बारेमा व्याख्या गरेका छन् । मृत्युबोधले नै मानिसलाई जीवनमा केही गर्न उत्साहित गर्दछ भनी उनले बताएका छन् । मृत्युपछि केही पनि रहँदैन भन्ने मत सार्त्रले अगि सारेका छन् (हार्डर, सन् १९५२, पृ.५३४-५४७) । यसरी सार्त्रले मृत्युपछिको शून्यतातर्फ सङ्केत गरेका छन् अर्थात् मृत्युपछि मानवजीवन शून्यतामा परिणत हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

प्रमुख मनोवैज्ञानिक चिन्तक सिगमन्ड फ्रायडले पनि मृत्युबारे आफ्नो धारणा प्रस्तुत गरेका छन् । उनले अगि सारेको मत मृत्यु-मूल प्रवृत्ति हो । सुरुमा उनले व्यक्ति-सिद्धान्तको चर्चा गर्ने क्रममा जीवन-मूल प्रवृत्तिलाई विशेष महत्त्व दिएका थिए तर पछि उनले आफ्नो यसै मतको संशोधन गर्दै मृत्यु-मूल प्रवृत्तिबारे आफ्नो धारणा व्यक्त गरेका छन् । खास गरी प्रथम विश्वयुद्धमा ठुलो मात्रामा भएको विनाश, विध्वंस र ध्वस्त जस्ता अनेक महाविनाशकारी घटनाक्रमद्वारा फ्रायड यति धेरै प्रभावित भए कि यिनले आफ्नो यस सिद्धान्तलाई संशोधन गर्न विवश हुनुपर्‍यो र सन् १९१९ पछि मृत्यु-मूल प्रवृत्तिको महत्त्वलाई पनि स्वीकार गरेको देखिन्छ (भण्डारी, २०५८, पृ.२१) । उनले मृत्यु-मूल प्रवृत्तिबारे आफ्नो प्रस्ट धारणा व्यक्त गरेका छन् । मृत्यु-मूल प्रवृत्तिको लक्ष्य विनाश गर्ने, हानि-नोक्सानी पुर्‍याउने र मार्ने हुन्छ अनि यो प्रवृत्ति मूलतः घृणा, आक्रमणशीलता, हत्या एवम् आत्महत्यामार्फत प्रकट हुन्छ भनेर उनले भनेका छन् (पेज, सन् १९४७, पृ.१७९) । यसरी फ्रायडले मृत्यु-मूल प्रवृत्तिको चर्चा गर्दै जीवनसँगै मृत्युलाई पनि महत्त्वका साथ हेरेका छन् ।

पूर्व र पश्चिम दुवैतिर मृत्युका सम्बन्धमा गहिरो चिन्तन भएको पाइन्छ । मृत्युसम्बन्धी दुवैतिर फेला पर्ने चिन्तनलाई व्यक्त गरेर रचिएका साहित्यिक कृतिहरू प्रशस्त भेटिन्छन् । बालकृष्ण समले लेखेको 'प्रह्लाद' नाटकमा पनि मृत्युसम्बन्धी चिन्तन मुखरित भएको पाइन्छ । यस लेखमा 'प्रह्लाद' नाटकमा व्यक्त भएको मृत्यु चिन्तनको विश्लेषण निम्नलिखित बुँदाका आधारमा गरिएको छ :

(क) प्राणीको मृत्यु अवश्यम्भावी
(ख) मृत्यु नै भयको कारण
(ग) मृत्यु नै मोक्षको मार्ग

## प्रह्लाद नाटकमा अभिव्यक्त मृत्युसम्बन्धी दृष्टिकोण

बालकृष्ण समले लेखेको 'प्रह्लाद' नाटकमा मृत्यु चिन्तन निकै प्रभावकारी ढङ्गमा व्यक्त गरिएको छ । यस नाटकमा मुख्यतः यसका प्रमुख दुई पात्र प्रह्लाद र हिरण्यकशिपुका चरित्र एवम् तिनका कार्यमार्फत मृत्यु चिन्तनलाई वाणी दिइएको छ । माथि सैद्धान्तिक अवधारणामा उल्लेख गरिएका बुँदाका आधारमा 'प्रह्लाद' नाटकमा व्यक्त भएको मृत्यु चिन्तनको विश्लेषण गर्ने जमर्को यस लेखमा गरिएको छ ।

### प्राणीको मृत्यु अवश्यम्भावी

यस संसारमा जे जति प्राणीहरूको जन्म हुन्छ ती सबैको एक दिन मृत्यु पनि हुन्छ । यस संसारमा जन्मने सबै प्राणीको जीवन एक दिन मृत्युमा पुगी टुङ्गिने भएकाले मानिसको जीवन पनि एक दिन मृत्युमै पुगेर समाप्त हुन्छ । यस संसारमा जन्मसँगै हरेक प्राणीले मृत्यु पनि साथमै लिएर आएको हुन्छ तसर्थ मृत्युका अगि सबैले एक दिन घुँडा टेक्नैपर्ने हुन्छ । एक दिन मृत्यु हुन्छ भन्ने बुझेर नै प्रस्तुत नाटकको नायक प्रह्लाद मृत्युदेखि डराएको देखिँदैन । पिताशत्रु विष्णुको भक्तिमा सधैँ तल्लीन रहेकै कारण पिताबाटै बारम्बार मार्ने प्रयास गर्दा पनि प्रह्लाद डराएको देखिँदैन । उसले मृत्युलाई एउटा साधारण एवम् सामान्य घटना मात्र मान्न खोजेको देखिन्छ । उसले भनेको छ-"मार्नलाई सधैँ मृत्यु जन्मदेखि तयार छ" (सम, २०७८, पृ. १५५) । उसको यस भनाइमा जन्मेका सबै प्राणीको मृत्यु एक दिन अवश्यै हुन्छ भन्ने भाव व्यक्त भएको पाइन्छ । जीवनमा एक दिन आइपर्ने मृत्युलाई टार्न कसैले पनि सक्दैन अनि कसैले मर्न गाह्रो मानेर पनि मृत्युबाट बच्न सक्ने अवस्था आउँदै आउँदैन । प्रह्लादले मृत्युबारे प्रस्टसँग यसो भनेको छ-"मर्न गाह्रो मान्नेलाई मृत्युले दया गर्छ र ?" (सम, २०७८, पृ. ११०) मृत्युले कसैप्रति दया गर्दैन, उसले एक दिन सबैको जीवन चुँडेर लैजान्छ भन्ने प्रह्लादको यस भनाइमा सबै मानिसको एक दिन मृत्यु भएरै छाड्छ भन्ने धारणा व्यक्त भएको छ ।

काल अर्थात् मृत्युलाई कसैले पनि टार्न सक्दैन अनि त्यो टारेर टारिने कुरा पनि होइन भन्ने विचार प्रह्लादले व्यक्त गरेको छ । उसले भनेको छ :

टिपी टपक्क लैजान्छ कालले जो भुके पनि,
चट्याङचुटुङ झैँ गाली आँसु फालिरहे पनि

जोसुकैले उ हेर्दैन फेरि फर्की पछिल्तिर ! (सम, २०७८, पृ.७७-७८)

माथिको प्रह्लादको भनाइबाट पनि सबै प्राणी/मानिसलाई काल/मृत्युले एक दिन लिएर जान्छ भन्ने आशय व्यक्त भएको पाइन्छ । जति रोइकराइ गरेर आँसु झारे पनि काल/मृत्युले कसैप्रति पनि दया गर्दैन र त्यसले एक दिन सबैको प्राण हरेरै लैजान्छ तसर्थ जन्मसँगै मृत्यु पनि साथमै आएको हुन्छ भन्ने मृत्यु चिन्तन यसमा व्यक्त भएको छ ।
काल/मृत्युले कसैप्रति पनि भेदभाव गर्दैन । जसको समय पुगिसकेको हुन्छ उसको मृत्यु भएरै छाड्छ भन्ने कुरा प्रह्लादले बताएको छ । उसले भनेको छ- "कालका हामी सबै हौँ, ती महाङ्काल विष्णु नै हुन्" (सम, २०७८, पृ.८९) । प्रह्लादको यस भनाइबाट हामी सबै एक दिन मृत्युका करेपमा पर्न बाध्य छौँ भन्ने आशय व्यक्त भएको छ ।
यस संसारका सबै प्राणीको मृत्यु हुने भएकाले त्यही मृत्यु नै सबैका बिच विछोडको कारण बनेको हुन्छ । एक दिन सबै कुरा छाडेर हामी सबैले मृत्युसँगै यहाँबाट बिदा भएर जानुपर्छ तसर्थ हामी सबै एक दिन छुट्टिन्छौँ भन्ने आशय यस नाटकमा प्रह्लादको यस भनाइमा मुखरित भएको पाइन्छ-"परन्तु सब छुट्टिन्छन्, मृत्यु नै त्यो वियोग हो" (सम, २०७८, पृ. ६९) । यसरी हामी सबैले एक दिन सबैबाट अलग्गिएर जानुपर्दछ भन्ने आशय प्रह्लादको यस भनाइमा व्यक्त भएकाले यस संसारमा जन्मने सबैको एक दिन मृत्यु अवश्यै हुन्छ भन्ने मृत्यु चिन्तन व्यक्त भएको पाइन्छ ।
प्रस्तुत नाटकको अर्को महत्त्वपूर्ण पात्र हिरण्यकशिपुले आफूलाई नै सर्वशक्तिमान् ठानेको छ र आफ्नो कहिल्यै मृत्यु नहुने कुराप्रति ऊ निश्चिन्त रहेको देखिन्छ । यस नाटकका सुरुतिर उसले भनेको छ-"म मर्दिनँ, तिमीलाई थाहा छैन ?" (सम, २०७८, पृ. ६९) उसको यस भनाइबाट उसले आफूलाई कहिल्यै नमर्ने अमर ठानेको देखिन्छ । एक दिन मेरो मृत्यु हुन्छ भन्ने सत्यबाट ऊ अनभिज्ञ नै रहेको जस्तो देखिन्छ । अरूलाई मृत्यु दिँदै आफू मात्र बाँच्ने उसको प्रयासलाई उसको अनभिज्ञता नै मान्न सकिन्छ । "जीवन र मृत्यु जस्ता महत्त्वपूर्ण कुराहरू आफ्नै शत्रु विष्णुको अधीनमा रहेका र विज्ञानद्वारा नियन्त्रित र निर्देशित हुन नसकेका कुराले उसलाई पोलेको छ" (सर्मा, २०५८, पृ. १८१) । यसरी मृत्यु अवश्यम्भावी छ भने उसले थाहा पाएको छ । यद्यपि उसले अरूलाई मृत्यु दिएर आफ्नो मृत्यु टार्न खोजेको हो भन्ने कुरा पनि प्रस्ट हुन्छ । उसले आफ्नो मृत्यु नहुने बताए पनि आफ्ना शत्रुहरूलाई मार्ने र मार्ने प्रयास गर्ने कार्य गरेबाट उसमा पनि आफ्नो एक दिन अवश्यै मृत्यु हुनेछ भन्ने मृत्युसत्यको बोध भएकै छ भन्ने अनुमान गर्न सकिन्छ । यस नाटकका अन्त्यमा खम्बाले थिचिएर मृत्युका नजिक पुगेको अनुभव भएपछि उसले व्यक्त गरेको यस भनाइबाट उसले आफ्नो मृत्युलाई स्वीकार गरेको कुरा प्रस्ट हुन्छ :

मेरो अमर आत्मा तँ - सत्य प्रह्लाद, हा, क्षमा
मलाई मागिदे तेरा ती विष्णुसित-बाँच्- मरेँ ! (सम, २०७८, पृ.१५७)

माथिको हिरण्यकशिपुको भनाइबाट उसले मृत्युलाई स्वीकार गरेको कुरा प्रस्ट हुन्छ । आफू मर्दै नमर्ने ठान्ने उसले आफू मरेको स्वीकार गरेको छ ।
यसरी प्रस्तुत नाटकमा प्रह्लाद र हिरण्यकशिपुका विचार एवम् चरित्रमार्फत जन्मेपछि एक दिन सबैको मृत्यु हुन्छ भन्ने चिन्तन व्यक्त भएको छ ।

**मृत्यु नै भयको कारण**

प्रस्तुत नाटकमा मृत्यु नै भयको कारण हो भन्ने विचार व्यक्त गरिएको छ । मृत्यु नै मानिसको भयको मुख्य कारण हो किनभने मृत्यु नहुने हो भने कोही पनि भयभीत हुने अवस्था नै आउँदैन । आफूलाई कुनै कुराको खतरा हुने जस्तो देख्दा हरेक मान्छेले अरूलाई मृत्युको डर देखाएर आफू जोगिन अर्थात् सुरक्षित हुन खोजेको देखिन्छ । अर्कालाई मृत्युको डर देखाएर आफूलाई सुरक्षित तुल्याउने चाहना सबैमा रहेको पाइन्छ । बाबु हिरण्यकशिपुले आफ्ना अरू शत्रुहरूका साथै आफूलाई समेत मार्न खाजेका सन्दर्भमा प्रह्लादले यस्तो विचार व्यक्त गरेको छ -"जो मार्छ अरूलाई त्यै मृत्युदेखि डराउला" (सम, २०७८, पृ.१५४) । प्रह्लादको यस भनाइबाटै मृत्यु नै भयको कारण हो भन्ने कुरा प्रस्ट हुन्छ । प्रस्तुत नाटकमा हिरण्यकशिपुले प्रह्लादको खेदो खन्दै उसलाई मार्नका लागि अनेक प्रपञ्च रच्नुलाई उसमा मृत्युबाट उत्पन्न भयकै कारणका रूपमा लिन सकिन्छ । रोधले आफूलाई मृत्युसँग डर नभए पनि साथी ( प्रह्लाद) सँग छुट्टिनुपर्दा भय लागिरहेको छ भन्ने कुरा सुनेर प्रह्लादले यसो भनेको छ :

तिमी पवित्र बालक हौ, ज्वरको तातोपनैमा
डराएर मृत्युको चिसोपनालाई सम्झन्छौं, मै तिम्रो
साथी बसिदिन्छु, अरू नुहाउन जाऊन् ! (सम, २०७८, पृ. १३०-१३१)

प्रह्लाद मृत्युदेखि कहिल्यै नडाएको भए पनि माथि उसले आफ्नो साथी रोधका लागि व्यक्त गरेको भनाइमा मृत्यु भय हो भन्ने कुरा व्यक्त भएको छ । यसरी मानिसले जहिले पनि मृत्युलाई भयकै रूपमा हेर्ने गर्दछ भन्ने आशय माथिको प्रह्लादको भनाइमा अभिव्यञ्जित छ । प्रस्तुत नाटकको मुख्य खलनायक हिरण्यकशिपु मृत्युबाटै भयभीत भएको छ भन्ने कुरा प्रस्ट हुन्छ । उसले आफ्ना शत्रुलाई मार्ने जुन कार्य गरेको छ त्यो उसको मृत्युकै भयको परिणति हो भन्न सकिन्छ । आफ्नै छोरो प्रह्लादले आफ्नो नभई विष्णुको भक्ति गरेको देख्दा ऊ निकै मुर्मुरिएको छ । आफ्नो परम शत्रु विष्णुको भक्तका रूपमा देखा परेको प्रह्लादलाई मारेर हिरण्यकशिपुले भगवान् विष्णुलाई नै चुनौती दिन खोजेको छ र आफूलाई सर्वशक्तिमान् देखाउने प्रयास गरेको छ । उसले आफ्नो भक्ति नगर्ने तर भगवान् विष्णुको भक्ति गर्ने प्रह्लादलाई यसो भनेको छ -"तँ मृत्यु जा तँ जा" (सम, २०७८, पृ.७३) । उसको यस भनाइबाट उसले प्रह्लादलाई आफ्नो मृत्यु ठानेको छ भन्ने कुरा प्रस्ट हुन्छ । प्रह्लादलाई आफ्नो परम शत्रु ठानेर उसलाई मार्नका लागि पटक पटक प्रयास गर्दा पनि ऊ नमरेपछि हिरण्यकशिपुमा झन् मृत्युदेखि भय उत्पन्न भएको देखिन्छ । प्रह्लादलाई मृत्युको भय देखाउँदै अत्याउन खोज्दै हिरण्यकशिपुले आफ्ना सैनिकहरूलाई यसो भनेको छ :

अत्याऊ डर सम्झाऊ; त्यसमा त्यो कहालिए,
कहालियोस्, भनोस्, 'विष्णु अबदेखि म जप्दिनँ ।'
सेखीको सींग झर्दैन त्यसको त्यत्तिमा भने
हुत्याऊ पर त्यो घुम्दै खसेर डरले मरोस्
बीचैमा, तल ढुङ्गाले नफोड्दै भीरु खप्पर
पापीको ! आज नै मार जाऊ ! (सम, २०७८, पृ.१०३)

माथिको हिरण्यकशिपुको भनाइबाट उसले डरधम्की देखाएर प्रह्लादलाई विष्णुभक्तिमा नलाग्न बाध्य पार्ने खोजेको देखिन्छ तर उसको यस भनाइबाट ऊ स्वयम् नै मृत्युदेखि भयभीत भएको देखिन्छ ।

यसरी प्रस्तुत नाटकमा यसका मुख्य दुई पात्र प्रह्लाद र हिरण्यकशिपुका विचार एवम् कार्यव्यापारमार्फत मृत्यु नै भयको कारण हो चिन्तन अभिव्यक्त भएको छ ।

**मृत्यु नै मोक्षको मार्ग**

मृत्यु कोही पनि चाहँदैन तर मोक्षको मार्ग यही नै हो । मानिसको मृत्यु निश्चित भएकाले नै ऊ यसबाट भयभीत भइरहेको हुन्छ तर यदि उसको मृत्यु कहिल्यै पनि नहुँदो हो त उसमा डर पैदा हुने अवस्था नै आउँदैन । मान्छेको कहिल्यै मृत्यु नहुने हो भने एक उसका लागि यो जीवन नै अत्यन्त ठुलो बोझ हुने देखिन्छ । त्यस्ता अवस्थामा भने उसका लागि मृत्यु अवश्यै पनि भयको कारण नभई मुक्तिको मार्ग बन्न सक्ने देखिन्छ । संसारमा वृद्धावस्थामा पुगिसकेका तर शारीरिक रूपमा हलचल गर्न नसक्ने मानिसहरू एक दिन आफ्नो मृत्यु हुन्छ भन्ने थाहा हुँदा हुँदै पनि मृत्युको याचना गरिरहेका देखिन्छन् । मानिसले यस जीवनमा जे जति दुःखकष्ट भोगिरहेको हुन्छ ती सबैबाट मुक्ति पाउने एक मात्र माध्यम मृत्यु नै हो । त्यसैले मृत्यु मानिसका लागि भयको कारण हो भने मोक्षको मार्ग पनि हो । प्रस्तुत 'प्रह्लाद' नाटकमा पनि मृत्युलाई मोक्षप्राप्तिको माध्यम/मार्गका रूपमा व्याख्या गरिएको छ । प्रस्तुत नाटकमा प्रह्लादले मृत्युबारे यसो भनेको छ -"परिवर्तन हो मृत्यु, मृत्यु होइन मोक्ष" (सम, २०७८, पृ.७१) । प्रह्लादको यस भनाइमा मृत्यु मोक्ष हो भन्ने चिन्तन व्यक्त भएको छ । मृत्युले परिवर्तन ल्याउँछ अर्थात् मृत्युपछि मानिस दुःखकष्टबाट मुक्त हुन्छ भन्दै मृत्युबाट परिवर्तन आउँछ भन्ने प्रह्लादको भनाइबाट प्रस्ट हुन्छ । "अविद्या मृत्यु र विद्या जीवन हो भन्ने औपनिषदिक तत्त्वज्ञान पनि प्रह्लादले पाएको छ" (सुवेदी, २०६४, पृ२८६) । यही ज्ञानले गर्दा ऊ मृत्युदेखि डराएको छैन किनभने मृत्यु मोक्षका मार्ग हो भन्ने कुरा उसले राम्रैसँग बुझेको छ । त्यसै गरी प्रह्लादले व्यक्त गरेको यस भनाइबाट पनि मृत्यु मोक्ष हो भन्ने भाव झल्किएको छ :

> हरिभक्त मरेको छ, यो स्थानै पुण्यभूमि भो,
> यो तीर्थ भो यहाँ मर्ने मुक्ति पाउँछ । (सम, २०७८, पृ.१४१)

प्रह्लादले व्यक्त गरेको माथिको भनाइमा मृत्यु नै मुक्ति हो भन्ने आशय व्यक्त भएको छ । हरिभक्त मरेको ठाउँ तीर्थजस्तो पुण्यभूमि हुन्छ अनि त्यहाँ मर्नेले मुक्ति पाउँछ भन्ने कुरा बताएर प्रह्लादले एकातिर ईश्वरभक्ति प्रकट गरेको छ भने अर्कातर्फ मृत्युबाट मोक्ष प्राप्त हुन्छ भन्ने विचार व्यक्त गरेको छ । यसै सन्दर्भमा प्रह्लादले यसो पनि भनेको छ :

> मागेथेँ प्राणको भिक्षा मैले अगि, घुमी फिरी
> यस्तो दिन यहाँ आयो - भिक्षा मागीरहेछु म
> मृत्युको ! मार यल्लाई, बाँच नित्य तिमीहरू (सम, २०७८, पृ.१४२)

माथिको प्रह्लादको भनाइमा उसले मृत्युको याचना गरेको देखिन्छ । ऊ मृत्युबाट मोक्ष पाइने कुरामा विश्वस्त रहेको छ । मृत्यु अर्थात् मुक्तिको भिक्षा मागेर ऊ जीवनबाट मुक्ति पाउने

चाहना व्यक्त गरिरहेको छ । यसरी प्रह्लादले अभिव्यक्त गरेका विचारमार्फत प्रस्तुत नाटकमा मृत्यु नै मोक्षको मार्ग हो चिन्तन प्रकट गरिएको छ ।

प्रस्तुत नाटकको मुख्य खलपात्र हिरण्यकशिपुले पनि अन्ततः मृत्युलाई मोक्ष नै ठानेको देखिन्छ । आफूलाई कहिल्यै नमर्ने अमर ठान्ने उसले अन्ततः आफू मृत्युका मुखमा पुगेको ठानेका अवस्थामा मृत्युलाई सहजै स्वीकार गरेको छ । उसले भनेको छ :

हा, हा ! हो बल्ल पो देखेँ विष्णुको अवतार यो !
म त खेल्ने कुरा खोज्थेँ, खोज्दैथिस् तँ बनाउने;
मैले हारेँ, जितिस् तैँले, तैँले पाइस्, म देख्छु त्यो
आकाश ढाकिने ठूलो कस्तो उँचो भयावह ? (सम, २०७८, पृ. १५६)

माथिको हिरण्यकशिपुको भनाइबाट उसले आफ्नो पराजय स्वीकार गरेको कुरा प्रस्ट हुन्छ । आफूले विष्णुको अवतार देखेको बताउँदै उसले आफ्नो पराजय स्वीकारेको छ भने प्रह्लादको विजय भएको पनि ठानेको छ । विष्णुको भक्तिमै मुक्ति छ भन्ने प्रह्लादको विचारको समर्थन गरेर हिरण्यकशिपुले आफ्नो मृत्युलाई मोक्षका रूपमा लिएको छ भन्न सकिन्छ ।

यसरी प्रस्तुत नाटकमा प्रह्लाद र हिरण्यकशिपुका कार्यव्यापार तथा तिनले व्यक्त गरेका भनाइबाट मृत्यु नै मोक्षको मार्ग हो भन्ने चिन्तन व्यक्त भएको छ ।

## निष्कर्ष

प्रस्तुत लेखमा नाटककार बालकृष्ण समले लेखेको ‘प्रह्लाद’ नाटकमा व्यक्त मृत्यु चिन्तनको खोजी गरिएको छ । यस नाटकमा हिरण्यकशिपु र प्रह्लादसँग सम्बन्धित पुराणमा .भेटिने घटनाप्रसङ्गलाई नाटकीकरण गरिएको छ । त्यस सिलसिलामा यी दुवै पात्रका माध्यमबाट मृत्युसम्बन्धी चिन्तन व्यक्त गरिएको छ । प्रह्लाद र हिरण्यकशिपुले व्यक्त गरेका विचारका साथै तिनका कार्यव्यापारबाट यसमा मृत्युसम्बन्धी चिन्तन अभिव्यञ्जित छ । जन्मेजति सबै प्राणीको मृत्यु अवश्यम्भावी छ, मानिसको जीवनमा भयको कारण भनेकै मृत्यु हो अनि मृत्युबाट नै जीवनबाट मुक्ति/मोक्ष प्राप्त हुन्छ भन्ने मृत्यु चिन्तन प्रस्तुत नाटकमा यसमा प्रमुख दुई पात्र प्रह्लाद र हिरण्यकशिपुमार्फत व्यक्त भएको पाइन्छ । त्यसैले मृत्यु चिन्तन पनि ‘प्रह्लाद’ नाटकका विषयवस्तुको फेरोभित्र पर्ने एउटा महत्त्वपूर्ण पक्ष हो भन्ने तथ्य निष्कर्षित हुन आउँछ ।

## सन्दर्भ सामग्रीसूची

कठोपनिषद्, *ईशादि नौ उपनिषद्*, तेइसौँ पनुर्मुद्रण. गोरखपुर : गीताप्रेस ।

पाण्डे, ज्ञानू (२०६२). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद.* काठमाडौँ : नेपाली आख्यान परिषद् ।

पोद्दार, श्रीहनुमानप्रसादजी; गोस्वामी, चिम्मनलाल र शास्त्री, एम.ए. (सम्पा. २०८१). “मुण्डकोपनिषद्” *कल्याण* (उपनिषद् अङ्क). गोरखपुर : गीताप्रेस ।

भण्डारी, कृष्णप्रसाद (२०५८). *फ्रायड र मनोविश्लेषण,* दो.सं. ललितपुर : साझा प्रकाशन ।

मुण्डकोपनिषद्, *ईशादि नौ उपनिषद्,* तेइसौँ पनुर्मुद्रण. गोरखपुर : गीताप्रेस ।
लुइटेल र दाहाल (२०७९). *चार वेदको सार,* दो.सं. काठमाडौँ : मञ्जरी पब्लिकेशन ।
शर्मा, नारायण (अनु.२०७०). *वेदान्तशास्त्रसिद्धान्तसारसङ्ग्रह.* काठमाडौँ : श्रीमुक्तिनाथ पब्लिसिटी फाउण्डेशन ।
श्वेताश्वतरोपनिषद्, *ईशादि नौ उपनिषद्,* तेइसौँ पनुर्मुद्रण. गोरखपुर : गीताप्रेस ।
सम, बालकृष्ण (२०७८). *पह्लाद,* ते.सं. ललितपुर : साझा प्रकाशन ।
सर्मा, ताना (२०५८). *सम र समका कृति,* छै.सं. ललितपुर : साझा प्रकाशन ।
सुवेदी, देवीप्रसाद (२०६४). *समको सुखान्त नाट्यकारिता.* काठमाडौँ : एकता बुक्स ।
Beck, M. (1944). "Existentialists". *Philosophy and Phenomenological Research* Vol. 5 . No. 1 (Sep.). pp. 60-70
Hardre, J. (1952). "Sartre's Existentialism and Humanism". *Studies in Philology*. Vol. 49 . No. 3 (Jul.). pp. 126-137
Page, J. D. (1947). *Abnormal Psychology*. New York and London : Mc Graw -Hill Book Company, Inc
Website : *https://hi.wikipedia.org/wiki*. Dec.23, 2024. 8:26 AM